# अन्नपूर्ण गाउँपालिका

# गाउँ कार्यपालिकाको कार्यालय

पोखरेबगर, म्याग्दी

गाउँ कार्यपालिकाको कार्यालय
पोखरेबगर, म्याग्दी
गण्डकी प्रदेश, नेपाल
२०७४

## क्यान्टीन संचालन र प्रवेश शुल्क ठेक्का बन्दोवस्त सम्बन्धी बोलपत्र आह्वान गरिएको सूचना

दोस्रो

~~प्रथम~~ पटक प्रकाशित मिति २०७८।०६।१६

( दोसो पटक )

यस अन्नपूर्ण गाउँ कार्यपालिकाको कार्यालयबाट स्थानीय सरकार सञ्चालन ऐन, २०७४ ले प्रदान गरेको अधिकार तथा यस गाउँ कार्यपालिकाको मिति २०७८/०६/०५ गतेको बैठकको निर्णय अनुसार निम्न ठेक्काहरु आ.व. २०७८/७९ को लागि ठेक्का बन्दोबस्त गर्नु पर्ने भएकोले यो सूचना प्रकाशित गरिएको छ। सूचना प्रकाशित भएको मितिले ठेक्का नं. १ देखि ५ सम्मको लागि ७ दिन भित्रमा निम्न शर्तहरुको अधिनमा रहि सिलबन्दि बोलपत्र आब्हन गरिएको हुँदा सम्बन्धित सवैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

**शर्तहरु**

१) सिलवन्दी बोलपत्र यो सूचना प्रकाशित भएको मितिले ठेक्का नं १ देखि ५ सम्मका लागि ७ दिन भित्र रु.१०००।- (फिर्ता नहुने गरी) नगद बुझाई अन्नपूर्ण गाउँ कार्यपालिकाको कार्यालय, पोखरेबगर, म्याग्दीवाट प्राप्त गर्न सकिने छ। बोलपत्र फारम प्रत्येक ठेक्काको छुट्टाछुट्टै खरिद गर्नु पर्नेछ। सो वोलपत्र फाराम आफुले कवोल गर्न चाहेको अंक भरी अंक र अक्षरमा भ्याट समेतको रकम वोलपत्रमा प्रष्ट उल्लेख गरी ८ औ दिनको १२ वजे भित्र अन्नपूर्ण गाउँ कार्यपालिकाको कार्यालयमा पेश गर्नु पर्नेछ। पेश हुन आएको सिलबन्दी बोलपत्र सोही दिनको २.०० वजे कार्यालय प्रतिनिधि तथा बोलपत्र दाताको रोहवरमा खोलिने छ। वोलपत्र खरिद गर्न आउदा नेपाली नागरिकताको प्रमाण पत्रको प्रतिलिपि, मुल्य अभिबृद्धि करमा दर्ता भएको, स्थायी लेखा नम्बर प्रमाणपत्र र आ.व.२०७६/७७ को कर चुक्ता प्रमाणपत्रको प्रतिलिपि समेत लिई आउनुपर्नेछ।

२) ठेक्का लिन चाहने इच्छुक ब्यक्ति, फर्म, कम्पनीहरुले धरौटी वापत आफुले कवोल गरेको अंकको ५ प्रतिशत (प्रत्येक ठेक्का नम्बरको) छुट्टाछुट्टै धरौटी वापतको रकम अन्नपूर्ण गाउँपालिकाको अन्नपूर्ण म्याग्दी स्थित धरौटी खाता नं. १५४०११०४१२६०००४६ मा जम्मा गरेको सक्कल वैक भौचर वा कम्तीमा सबै ठेक्काहरुको ९० दिनको मान्यता प्राप्त बैंकको सक्कल जमानतपत्र संलग्न हुनुपर्ने छ।

३) वोलपत्र फारमको खाम वाहिर ठेक्काको नाम खुल्नेगरी कार्यालयलाई सम्वोधन गरी पेश गर्नुपर्नेछ।

४) आफुले पेश गरेको वोलपत्र फाराममा कवोल गरेको रकम अंक र अक्षरमा स्पष्ट बुझिने गरी लेख्नुपर्नेछ। अंक केरमेट भएमा अक्षरलाई मान्यता दिइनेछ। रितपूर्वक दाखिला भएका वोलपत्रहरु स्विकृत गर्ने वा नगर्ने अधिकार यस कार्यालयमा निहित रहनेछ।

५) ठेक्का स्विकृत भएको जानकारी प्राप्त भएको पत्रको मितिले ५ (पाँच) दिन भित्र सम्झौता गर्न आउनुपर्नेछ। सो म्याद भित्र सम्झौता गर्न नआएमा ठेक्का प्रयोजनको लागि जम्मा गरेको धरौटी जफत गरी त्यस पछिको कवोल गर्ने वोलपत्र दाताहरुको वोलपत्रलाई स्विकृत गर्ने तर्फ कारवाही गरिनेछ।



...शरण प्रसाद शर्मा पौडेल
...अधिकृत

६) ठेक्का सम्झौता गर्न आउदा आफुले कवोल गरेको अंकको १.५ प्रतिशतले हुन आउने अग्रिम आयकर, १३ प्रतिशत मुल्य अभिवृद्धि कर (भ्याट) रकम र कवोल गरेको ५० प्रतिशत रकम अन्नपूर्ण गाउँपालिकाको संचित कोष खाता नं १५४०११०४१२६०००१६ मा अग्रिम दाखिला गर्नुपर्नेछ । दोस्रो किस्ता २५ प्रतिशत पौष मसान्त भित्र र अन्तिम किस्ता २५ प्रतिशत जेष्ठ मसान्त भित्र वुझाईसक्नु पर्नेछ ।

७) आफुले कवोल गरेको रकम एकमुस्ट वुझाउने स्विकृत वोलपत्र दातालाई १० प्रतिशत रकम प्रोत्साहन स्वरुप छुट दिइनेछ । एकमुस्ट रकम वुझाउन नसक्ने वोलपत्रदाताको हकमा दोस्रो र अन्तिम किस्ता वरावरको ठेक्का अवधिभर मान्य हुने वैंक जमानत पत्र पेश गर्नुपर्नेछ ।

८) स्विकृत वोलपत्रदाताले कर असुल गर्दा कार्यालयले तोकिदिएको दररेटमा मात्र उठाउन पाउनेछ । वोलपत्रदाता दाताले अन्नपूर्ण गाउँपालिकामा वुझाउन पर्ने रकम वाहेक अन्य कर दस्तुर स्वयंले वुझाउन पर्नेछ ।

९) ठेक्का स्वीकृत भएका ठेकेदारले अन्नपूर्ण गाउँपालिकाले तोकिदिएको कर उठाउँदा प्रयोग गर्ने रसिद आफ्नै तर्फबाट छपाई गरी सो रसिदहरु अन्नपूर्ण गाउँ कार्यपालिकाको कार्यालयवाट प्रमाणित गराई प्रयोग गर्नु पर्नेछ ।

१०) यस सूचनामा उल्लेख नभएका अन्य विषयहरु यस गाउँ कार्यपालिकाको निर्णय तथा नेपाल सरकारको प्रचलित ऐन नियम वमोजिम हुनेछ ।

११) कुनै शर्त सहितको वोलपत्र स्विकार्य हुनेछैन । थप जानकारी आवश्यक परेमा कार्यालय समय भित्र कार्यालयको सम्पर्क नं.९८५७६८३८१० मा सम्पर्क राख्न सकिनेछ ।

**तपशिल**

अन्नपूर्ण गाउँपालिका अन्तरगत पर्ने निम्नानुसारका ठेक्का रहेका छन ।

| सि.नं. | ठेक्का नं. | विवरण | ठेगाना | न्यूनतम अंक रु. | अक्षरुपी | कैफियत |
|---|---|---|---|---|---|---|
| १ | १ | पुनहिलमा क्यान्टीन संचालन र प्रबेश शुल्क संकलन | अन्नपूर्ण गा.पा. ६ पुनहिल | २०,००,०००।०० | बिस लाख रूपैयाँ | मु. अ.कर बाहेक |
| २ | २ | तातोपानी कुण्डमा क्यान्टीन संचालन र प्रबेश शुल्क संकलन | अन्नपूर्ण गा.पा. २ तातोपानी | २०,००,०००।०० | बिस लाख रूपैयाँ | मु. अ.कर बाहेक |
| ३ | ३ | रातोपानी कुण्डमा प्रबेश शुल्क संकलन | अन्नपूर्ण गा.पा.पोखरेबगर ६ रातोपानी | ५,००,०००।०० | पाँच लाख | मु. अ.कर बाहेक |
| ४ | ४ | पाउद्वार कुण्डमा प्रबेश शुल्क संकलन | अन्नपूर्ण गा.पा.पोखरेबगर ५ पाउद्वार तातोपानी | ५,००,०००।०० | पाँच लाख | मु. अ.कर बाहेक |
| ५ | ५ | सेकार्कु कुण्डमा प्रबेश शुल्क संकलन | अन्नपूर्ण गा.पा. १ दोबा | ५०,०००।०० | पचास हजार | मु. अ.कर बाहेक |

अन्नपूर्ण गाउँपालिका वडा नं. ६ पुनहिल र तातोपानी कुण्डहरुमा प्रबेश गर्ने शुल्क गाउँपालिकाले तोके बमोजिम हुनेछ ।

**प्रमुख प्रशासकीय अधिकृत**
**अन्नपूर्ण गाउँ कार्यपालिकाको कार्यालय**
**पोखरेबगर, म्याग्दी ।**

सुरण प्रसाद शर्मा पौडेल
प्रमुख प्रशासकीय अधिकृत